गढवा गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

गढवा,दाङ

लुम्बिनी प्रदेश ,नेपाल

# आ.व.२०८१/८२ को

# वार्षिक प्रतिवेदन

## मेरो भनाई



नेपालको संविधान जारी भएपछि संघीयता कार्यान्वयनसँगै दोस्रो पटक भएको स्थानीय तह निर्वाचन २०७९ मार्फत गढवावासीले ठूलो उत्साह र अपेक्षाका साथ गाउँपालिकाको नेतृत्वको जिम्मेवारी सुम्पिएको तीन वर्ष पूरा भएको छ । जनताको नजिकको सरकार भएकोले सेवा प्रवाह र हरेक विकास निर्माणको कामसँग जनताको विश्वास जित्न र गाउँपालिकाको प्रतिष्ठा उच्च राख्नका लागि हामी सदैब प्रयासरत छु ।

हाम्रो उद्देश्य भनेको गाउँबस्तीबाट पलायन हुँदै गरेको युवा जनशक्तिलाई स्वदेशमै कर्मठ बनाउन यहाँ रहेको स्रोत साधन र जनशक्तिलाई अधिकतम परिचालित गरी कार्ययोजना कार्यन्वयन गरी पालिकाको सुनौलो भविष्यको रुपरेखा कोर्नु हो। गढवाबासीको बृहत्तर हितका लागि उपलब्ध स्रोत साधन तथा अधिकारको प्रयोगबाट योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि संविधानले व्यवस्था गरे अनुरुप जनताको प्रत्यक्ष सरोकारका विषयहरुमा बुलन्द आवाज उठाउँदैछौ । संविधानको अनुसुची ८ र ९ तथा स्थानीय सरकार सथालन ऐन, २०७४ मा भएको प्रत्यक्ष व्यवस्थाको अनुभूत हुनेगरी दिगो विकास, सामाजिक न्याय, समानुपातिक प्रतिनिधित्व र समावेशीताको मर्म अनुरुप नागरीकको भरोसा कायम राख्दै जनताको सेवकको रुपमा काम गर्ने अबको २ वर्षमा गढवा गाउँपालिकालाई नीती, योजना, सुशासनका मापदण्ड, जनताप्रतिको उत्तरदायित्वलाई पूर्ण रुपमा पालना गराउन गाउँपालिकाका सबै जनप्रतिनिधी तथा राष्ट्रसेबक कर्मचारीहरु इमान्दारिताका साथ काम गर्ने कुरामा विश्वस्त छु । यसै क्रममा २०७९ जेठ ६ गते दोस्रो पटक निर्वाचित भई सपथ खाँदै गर्दा वाचा गरिएका कार्यहरुमध्ये गत आ.व. २०८१/८२ को प्रगति विवरण तपाईहरु समक्ष ल्याउँदै आगामी दिनमा तपाईहरुको सल्लाह सुझावलाई मार्गदर्शनको रुपमा लिइ थप सुधार गर्दै लाने प्रतिवद्धता जनाउँदछौ । यो प्रगति पुस्तिकाले पालिकाका असल अभ्यासहरु, कार्यान्वयनमा देखिएका समस्या चुनौतीहरु साथै समाधान जस्ता महत्त्वपूर्ण विषयहरु समावेश गरिएको हुँदा सबै गढवावासीको लागी अझ उपयोगी हुने अपेक्षा लिएको छु ।

अन्त्यमा यस पुस्तिका तयार पार्न खटिनु हुने उपाध्यक्ष, सबै जनप्रतिनिधीहरु, प्रमुख प्रशासकीय अधिकृत, कर्मचारीहरु लगायत सम्पूर्ण महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दछु ।

यम नारायण शर्मा पोखेल

गा.पा. अध्यक्ष

यम नारायण शर्मा पोखेल
अध्यक्ष

## मेरो भनाई ।



नेपालमा संविधान जारी भएपद्यात् संघीय शासन प्रणाली कार्यान्वयन गर्ने सिलसिलामा दोस्रो पटक भएको स्थानीय तह निर्वाचन २०७९ बाट गढवाबासीले ठुलो उत्साह र अपेक्षाका साथ यस गढवा गाउँपालिकाको उपाध्यक्षको भुमिकामा निर्वाचित भएको तीन वर्ष पूरा भएको छ। स्थानीय तह सबै जनताको आफ्नै घरदैलोको सरकार भएका कारण सेवा प्रवाह र विकास निर्माणको कार्यमा मुख्य भुमिकामा रहेकाले सम्पुर्ण गढवाचासी सँगै रही कार्य गर्नको लागी सदा तत्पर रहेको जानकारी गराउँदछु ।

आम नागरिकको जनभावना, जन आकाङ्क्षा र आवश्यकतालाई सिरोपर गर्दै दिगो भौतिक, सामाजिक, आर्थिक, शैक्षिक पक्षको आमूल परिवर्तनसँगै शिक्षित, सभ्य, समतामूलक र समावेशी समाज निर्माण गरि सबै नागरिकलाई गुणस्तरीय जिवनयापनको सुनिश्चितता गराउनु हाम्रा सामु आज चुनौती छ । यसै चुनौतिलाई आत्मसाथ गर्दै यस गाउँपालिका अन्तर्गत भए गरेका कामकाजहरु जनतासामु पारदर्शी ढङ्गले प्रस्तुत गर्न आजको आवश्यकता समेत भएकाले हामी जनप्रतिनिधि निर्वाचित भएपश्चात् निरन्तर बार्षिक प्रगती पस्तुत गर्ने जमर्कोका साथ यो प्रगती पुस्तीका सार्वजनीक हुँदै छ। यसरी नै हामीले अब आउने दिनहरुमा समेत सुशासन, पारदर्शीता लगाएत थप कार्यहरुको जिम्मेवारीबोध गरी अन्य नवीनतम कार्यहरुको समेत सुरुवात गर्नेछौं ।

अन्तमा, जनप्रतिनिधिको रुपमा यो दोश्रो कार्यकालको तीन वर्ष काम गरिसक्दा हामीले सँगालेको महत्त्वपूर्ण अनुभव आगामी दिनमा आफ्नो भूमिका, कार्यशैली र कार्यगति सुधारको महत्त्वपूर्ण आधार बन्नेमा विश्वास लिएको छु र यस पुस्तिका तयार पार्न खटिनु भएका सम्पुर्ण जनप्रतिनिधिहरु, प्रमुख प्रशासकीय अधिकृत, कर्मचारीहरु सम्पूर्णलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

शारदा कुमारी चौधरी
गढवा गाउँपालिका उपाध्यक्ष
शारदा कुमारी चौधरी
उपाध्यक्ष

हार्दिक शुभकामना ।



नेपालमा संघीय शासन प्रणाली कार्यान्वयन गर्ने सिलसिलामा दोस्रो पटक भएको स्थानीय तह निर्वाचन २०७९ बाट गढवा गाउँपालिकामा निर्वाचित हुनु भएका अध्यक्षज्यू, उपाध्यक्षज्यू लगायत सम्पूर्ण जनप्रनिधिज्यूहरुबाट मिति २०७९।०२।०६ मा सपथ ग्रहण गरिसकेपछि शासन संचालन वा सेवा प्रवाह गर्ने क्रममा हासिल गर्नुभएको गत वर्षको बार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्न लागेका छौ । यो सुखद घडिमा सम्पूर्ण जनप्रतिनिधीज्यूहरुलाई एक वर्षे अवधिमा हासिल गर्नु भएको महत्त्वपूर्ण र अनुकरणीय उपलब्धीहरुका प्रति हार्दिक बधाई ज्ञापन गर्दछु। साथै प्रगति प्रतिवेदन आफ्नो नागरिकमाझ प्रस्तुत गरी नागरिक प्रतिको जवाफदेहीता सुनिश्चित गर्ने यो सराहनीय कामका लागि हार्दिक आभार व्यक्त गर्दछु।

नेपालको संविधानको अनुसूची- ८ मा उल्लेखित २२ वटा अधिकार सूचीहरु र स्थानीय सरकार संचालन ऐन २०७४ ले गरेका व्यवस्थालाई आफ्नो कार्यदिश एवं सेवा प्रवाह मन्त्र बनाएर अघि बढ्ने कममा यहाँहरुले गढवा वासीहरुमाझ प्रवाह गर्नु भएको सेवा, विकास निर्माणमा गर्नु भएको दिशानिर्देश र लिनु भएको अनुकरणीय नेतृत्त्व बास्तवमै प्रशंसनीय छ र समृद्ध गढवा निर्माणको आधार र मार्गदर्शन बनेको छ।

गढवाको जनप्रतिनिधिको हैसियतले यहाँहरुले सिङ्गो गढवा र गढवावासी नागरिकहरुको बीचमा आफूले गरेका कामहरुको प्रगति प्रतिवेदन प्रस्तुत गर्ने जस्तो गरिमामय कार्यमा म गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको भूमिकामा रही साक्षी बस्ने, सहयोग गर्ने र शुभकामना व्यक्त गर्ने अबसर प्राप्त गरेकोमा अत्यन्त हर्षित भएको व्यहोरा निवेदन गर्दछु ।

अन्तमा, जनप्रतिनिधिको रुपमा तीन वर्ष काम गरिसक्दा यहाँहरुले सागांल्नु भएको महत्त्वपूर्ण अनुभव आगामी दिनमा आफ्नो भूमिका, कार्यशैली र कार्यगति सुधारको महत्त्वपूर्ण आधार वन्ने विश्वास लिएको छु। यहाँहरुको आगमी जनप्रतिनिधीय भूमिका अझ बढि रणनीतिक, उद्देश्यमूलक, स्तरीय र जनप्रीय बनोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु।

कृष्ण प्रसाद पौडयाल
प्रमुख प्रशासकीय अधिकृत
कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

# विषयसूची


२.गाउँपालिकाबाट संचालित प्रमुख क्रियाकलापहरु ..... ६
प्रशासन शाखा तर्फ ..... ६
पूर्वाधार विकास शाखा तर्फको ..... ७
विपद ब्यवस्थापन तर्फ ..... ९
३. जिन्सी शाखा तर्फ ..... ९
4. पशुपंक्षी तथा मत्स्य विकास शाखा तर्फ ..... १०
महिला,बालबालिका तथा ज्येष्ठ नागरिक शाखा तर्फका ..... १४
शिक्षा शाखा तर्फका ..... १९
शैक्षिक गुणस्तर सुधार तर्फ ..... २४
विद्यालय भौतिक पूर्वाधार निर्माण तर्फ ..... २४
युवा तथा खेलकुद ..... २४
आर्थिक प्रशासन शाखा तर्फ ..... २५
राजश्व शाखा तर्फ ..... २९
कृषि शाखा तर्फ ..... २९
कानुन मामिला शाखा ..... ३३
संघ संस्था तर्फको ..... ३५
प्रधानमन्त्री रोजगार कार्यक्रम ..... ३६
सूचना प्रविधि शाखा तर्फ ..... ४०
योजना शाखा तर्फ ..... ४१

## १.पृष्ठभूमी

नेपालको संविधान २०७२ ले व्यवस्था गरेका राज्यका तिन तहको सरकार मध्ये स्थानीय तहको सरकारका लागि प्रत्यायोजन गरेका संविधान प्रदत्त अधिकारको सिमा भित्र रहेर गढवा गाउँपालिकाले स्थानीय सरकारको रुपमा प्रत्यक वर्ष आफ्नो निश्चित वार्षिक बजेटको परिधिभित्र रहि आफ्नो निति,योजना तथा कार्यक्रमहरु निर्धारण गर्दछ। उत्त कार्यक्रमहरुलाई तोकेको समय सिमा भित्र सहि ढंगले सम्पादन गर्ने स्थानीय सरकारको जिम्मेवारी हो। यि र यस्ता योजना तथा कार्यक्रमहरु नागरिकको हक अधिकार र आवश्यकता संग प्रत्यक्ष रुपमा जोडिन्छन्।तसर्थ प्रत्यक वर्ष जस्तै आर्थिक वर्ष जस्तै आर्थिक वर्ष २०८१/०८२ मा पनि यस गाउँपालिकाले पालिका भित्रको आठ वटै वडामा बस्ने आफ्ना नागरिकहरुको अधिकार, आवश्यकता र अवस्थालाई ध्यान मा राखि आफ्नो निति योजना तथा कार्यक्रमहरु तर्जुमा गरेको थियो।उत्त  योजना तथा कार्यक्रमहरुले आम नागरिकको आवश्यकता र चाहानालाइ सम्बोधन गर्न नसके पनि आधारभुत कुराहरु समेटेको थियो भने केहि नविनता कार्यहरु पनि गरेको थियो।

## २.गाउँपालिकाबाट संचालित प्रमुख क्रियाकलापहरु

### प्रशासन शाखा तर्फ

- ६९ जना स्थायी सेवाका कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कनको काम सम्पादन भएकोमा २ जना कर्मचारीहरु मुख्यमन्त्री तथा मन्त्रीपरिषद्वाट सरुवा भई रमना लिएर गएको।
- १०३ जना कर्मचारीहरु सेवा करार निरन्तरता भएको।
- ११५ जना कर्मचारी, ४४ जना जन प्रतिनिधि तथा १८२ जना शिक्षकहरु गरि जम्मा ३४१ जनाको सम्पत्ति विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा समयमा नै बुझाईएको।
- गत आ.व. मा माग गरि प्रदेश लोक सेवा आयोगबाट सिफारिस गरि पठाएका तपसिल बमोजिम कर्मचारीहरुको स्थायी नियुक्ती पदस्थापन तथा कामकाजमा खटाउने काम भएको ।
- एक पालिका एक भेटेरनरी डक्टर कार्यक्रम कार्यान्वयनका लागि सेवा करारमा १ जना पशु चिकित्सक नियुक्त गरि कामकाजमा लगाईएको।
- सामि कार्यक्रम कार्यान्वयनको लागि १ जना मनोसामाजिक परामर्शकर्ता नियुक्त गरि कामकाजमा लगाईएको।
- गढवा गाउँपालिकामा ईमरजेन्सी सेवा संचालनका लागि २ जना मेडिकल अधिकृत, १ जना फार्मेसी सहायक, १ जना अ.न.मि., ४ जना ल्याब असिस्टेन्ट र ६ जना अ.हे.ब. पदमा सेवा करारमा जम्मा १४ जना स्वास्थ्यकर्मि नियुक्त गरि कामकाजमा लगाईएको।
- स्थानीय निजामति सेवा ऐन २०८१ जारी भयपश्चात विभिन्न सेवा समुहका ३ जना कर्मचारीहरुको तहमिलान तथा १७ जना कर्मचारीहरुको तहबृद्धी गरिएको ।
- १८ वटा कार्यपालिकाको बैठक व्यवस्थापन, निर्णय लेखन तथा सम्बन्धीत अन्य सम्पूर्ण कार्यहरु
- गाउँसभाको सोहौं र सत्रौ अधिबेशनका जम्मा ६ वटा बैठक व्यवस्थापन, निर्णय लेखन तथा सम्बन्धीत अन्य सम्पूर्ण कार्यहरु

- विभिन्न विषयगत समितिहरुको सदस्य सचिबको भूमिका तथा बैठक संचालन तथा व्यवस्थापनमा सहजिकरण
- नीति तथा कार्यक्रम तयारी, छलफल देखि पारित सम्मका विभिन्न चरणमा समन्वय र सहजिकरण
- आ.व. २०८२/०८३ को बजेट तयारी, छलफल देखि पारित सम्मका विभिन्न चरणमा समन्वय र सहजिकरण
- २५७० थान कागजात तथा चिठिपत्रहरुको प्रशासन शाखामा मूलदर्ता किताबमा दर्ता सम्पन्न र सो को अभिलेख व्यवस्थापन
- २६४५ थान कागजात तथा चिठिपत्रको प्रशासन शाखामा मूलचलानी किताबमा चलानी सम्पन्न र सो को अभिलेख व्यवस्थापन
- ऐन, नियमावली, कार्यविधि गरि १३ थान कानूनको मस्यौदा निर्माण, विधेयक तथा विधायन समितिमा दफाबार छलफल तथा कार्यपालिका तथा गाउँसभाबाट पारित हुने सम्पूर्ण चरणमा समन्वय, सहजिकरण
- रोजगार रणनीति २०८२/२०८३-२०८७/२०८८ निर्माण

## पूर्वाधार विकास शाखा तर्फको

| सडक निर्माण तर्फ | | | |
|---|---|---|---|
| क्र.स | किसिम | ईकाइ | परिमाण |
| १ | सडक कालोपत्रे | मिटर | ४६६४ |
| २ | ग्रेभलिङ | मिटर | ३६५५ |
| ३ | पक्कि नाली निर्माण | मिटर | २५७८ |
| ४ | आर.सि.सि ढलान | मिटर | ९९ |
| ५ | कल्भर्ट | थान | १४ |
| ६ | कजवे | थान | १ |
| ७ | शियर/रिटेनिङ वाल | मिटर | ५०३ |
| ८ | नयाँ ट्र्याक निर्माण | मिटर | १५६३ |
| ९ | सडक मर्मत | मिटर | ११३९० |
| खानेपानी तर्फ | | | |
| क्र.स | किसिम | ईकाइ | परिमाण |
| १ | नयाँ आयोजना | थान | १ |
| २ | मर्मत संभार | थान | ९ |
| ३ | खानेपानी बोरिङ | थान | ३ |
| ४ | पम्प हाउस | थान | १ |
| ५ | ह्याण्ड पम्प | थान | ३ |
| ६ | पाइपलाइन खरिद तथा विस्तार | मिटर | ५५९६ |
| सिंचाई तर्फ | | | |
| क्र.स | किसिम | ईकाइ | परिमाण |
| १ | नयाँ आयोजना | थान | ८ |
| २ | मर्मत संभार | थान | ४ |

| | | | |
|---|---|---|---|
| ३ | मोटर खरिद | थान | १५ |
| ४ | पम्प हाउस | थान | ७ |
| ५ | स्यालो ट्युवेल | थान | ३ |
| ६ | भल्व विस्तार | थान | १ |
| विद्यालय भवन तर्फ | | | |
| क.स | किसिम | ईकाइ | परिमाण |
| १ | नयाँ भवन | थान | २ |
| २ | मर्मत संभार तथा संरक्षण | थान | १० |
| सामुदायिक/सरकारी भवन तर्फ | | | |
| क.स | किसिम | ईकाइ | परिमाण |
| १ | सामुदायिक भवन निर्माण | थान | ५ |
| २ | मर्मत संभार तथा संरक्षण | थान | २० |
| ३ | १५ शैया अस्पताल भवन | थान | १(६५ प्रतिशत सम्पन्न) |
| ४ | शित भण्डार घर | थान | १(निर्माणाधिन) |
| नदि नियन्त्रण तर्फ | | | |
| क.स | किसिम | ईकाइ | परिमाण |
| १ | नयाँ निर्माण | थान | १३ |
| अन्य पूर्वाधार तर्फ | | | |
| क.स | किसिम | ईकाइ | परिमाण |
| १ | मन्दिर/मरुवा आदि | थान | ९ |
| २ | प्रतिक्षालय | थान | ४ |
| ३ | स्टल | थान | १ |
| ४ | सार्वजनिक शौचालय | थान | ३ |
| ५ | हरियालि प्रबर्द्धन | थान | १ |
| ६ | गाडि पार्किङ निर्माण | थान | १ |
| ७ | सडक बत्ति | थान | २ |
| ८ | सरसफाई सामाग्री | सेट | १२ |
| ९ | गौशला सेड निर्माण | थान | २ |
| १० | कृषि उपज केन्द्र निर्माण | थान | १ |
| ११ | पार्क तथा सौन्दर्यकरण | थान | २ |
| घरनक्शा पास तथा अभिलेखिकरण तर्फ | | | |
| क.स | किसिम | ईकाइ | परिमाण |
| १ | घरनक्शा पास | थान | ६ |
| २ | घरनक्शा अभिलेखिकरण | थान | ८६ |

## विपद ब्यवस्थापन तर्फ

- विपद ब्यवस्थापन समितिको निर्णयबाट छनोट भएका विपद ब्यवस्थापन तथा प्रतिकार्य सम्बन्धि निर्णय संख्याः५९
- कार्यान्वयन भएको संख्याः४७

**नदीजन्य पदार्थ उत्खनन् संकलन तथा विक्री ब्यवस्थापन तर्फ**

- **जम्मा उत्खनन् लक्ष्य (आ.व ०८१।८२ को) : २६१०६६ घ.मी**
- **वास्तविक उत्खनन् भएको परिमाण : २६०२५० घ.मी**
- **गत वर्षको बाँकी स्टक परिमाण : १२८००० घ.मी**
- **जम्मा विक्री ब्यवस्थापन भइसकेको परिमाण : पुरानो स्टकबाट ६१००० घ.मी र नयाँ घाटगद्दि बाट १६३००० घ.मी गरि जम्मा २२४००० घ.मी ।**
- **बचेको स्टक परिमाण : पुरानो स्टक मध्ये ६७००० घ.मी र नयाँ घाटगद्दि मध्ये बाट ८७२५० घ.मी गरि जम्मा १६४२५० घ.मी ।**

## ३. जिन्सी शाखा तर्फ

- वडा नं १ मा खुल्ला व्यायामशाला निर्माणको आवश्यक सामाग्रीहरु खरिद।
- वडा नं २ मा खानेपानी भल्व विस्तार तथा जडान सामाग्रीहरु खरिद।
- वडा नं २ कार्यालयमा इन्भरटर, महदेवा चोकमा सडक बत्ति खरिद तथा जडान।
- सेरामिक तालिममा सहभागी विद्यार्थिहरुलाई ३ थान ल्यापटव खरिद तथा वितरण।
- नगर प्रहरीहरुलाई फिल्ड प्रयोजनका लागि २ थान मोटर साइकल खरिद।
- वडा नं ३ मा साउण्ड सिस्टम,पानी मोटर खरिद तथा वितरण।
- विपद व्यवस्थापन तर्फ १०० थान जालि खरिद तथा वितरण।
- दाङ देउखुरी सर्पदंश उपचार केन्द्रका लागि जेनेरेटर,२ थान एसी,ढोका,जालि खरिद तथा जडान।
- वडा नं ४ खडकपुर चर्चका लागि कार्पेट खरिद तथा जडान।
- वडा नं ५ मा पानी मिटर तथा वितरण।
- वडा नं ५ मा रहेको शिव मन्दिरका लागि आवश्यक भाडा वर्तन सामाग्रीहरु खरिद तथा वितरण।
- वडा नं ८ मा पर्यटन प्रवर्द्धनका लागि डिजिटल बोर्ड खरिद।
- वडा नं १ मा च्यापकटर,रिफर तथा मिनि ट्याक्टर खरिद तथा वितरण।
- वडा नं ७ मा रिफर,पानी मोटर खरिद तथा वितरण।
- वडा नं २ मा साउण्ड सिस्टम खरिद तथा वितरण।
- गाउँपालिका सभाहलमा ३ थान एसी खरिद तथा जडान।
- कार्यपालिका बैठक कक्ष व्यवस्थापनका लागि राउण्ड टेवल र कुर्सी खरिद तथा जडान।

- सभाहल व्यवस्थावनका लागि टेवल तथा कुर्सी खरिद।
- सभाहल व्यवस्थावनका लागि साउण्ड सिस्टम खरिद तथा जिप्सन बोर्ड जडान।

## 4. पशुपंक्षी तथा मत्स्य विकास शाखा तर्फ

**खोप खरिद तथा खोप लगाईएको** कुल विनियोजित बजेट रु १५००००।

खर्च प्रतिशत ९९।६६ %

| क्रसं | खोपको नाम | खरिद गरिएको खोप | अनुदानवाट प्राप्त खोप | खोप लगाईएको पशुको संख्या |
|---|---|---|---|---|
| १ | खोरेत | ११०० डोज | ६००० डोज | ७१००। |
| २ | पिपिआर | १५००० डोज | १७००० डोज | ३२८००। |
| ३ | स्वाईन फिवर | ११०० डोज | ० | ११००। |
| ४ | चरचरेभ्यगुते | ८०० डोज | ० | ८००। |
| ५ | रेविज | १५० डोज | ३०० डोज | १६८ |

**शिविर संचालन** कुल विनियोजित बजेट रु १०००००।

खर्च प्रतिशत ९९।५७ %

- गढवा गाँउपालिका वडा नं २ चिमचिमे लाभगाहि घरपरिवार संख्या- ४८ जना
- **उपचार भएका पशु संख्या** भेडाबाखा -२२५२ गाईभैसी -२२७ कुखुराहाँस -३३३७

**हिंउदे घाँसको वीउ वितरण** कुल विनियोजित बजेट रु ४०००००।

खर्च प्रतिशत १०० %

| क्रस | वितरण गरिएको वडा नं | लाभगाहि किसानको संख्या | वितरण गरिएको हिंउदे घाँस (वर्षिम) परिमाण |
|---|---|---|---|
| १ | १ | २७ | ६१ केजी |
| २ | २ | ४१ | ११७ केजी |
| ३ | ३ | ७४ | १२६ केजी |
| ४ | ४ | १०३ | २२६ केजी |
| ५ | ५ | १२७ | ३२६ केजी |
| ६ | ६ | १६३ | ६१६ केजी |
| ७ | ७ | ३८ | १२८ केजी |
| | जम्मा | ५७३ | १६०० |

वार्षिक इपिडिमीलोजिकल

| मेडिकल उपचार सेवा | | | |
|---|---|---|---|
| क्रसं | पशुको विवरण | पशुको संख्या | कैफियत |
| १ | गाईगोरु | ४८४ | |
| २ | भैंसीराँगा | १४५२ | |
| ३ | बाख्राभेडा | १७११ | |
| ४ | सँगुरबंगुर | १३०३ | |
| ५ | कुकुर।विरालो | १०७ | |
| ६ | कुखुरा।हाँस | १७४३२ | |

| परजीवी नियन्त्रण | | | |
|---|---|---|---|
| क सं | पशुको विवरण | पशुको संख्या | कैफियत |
| १ | गाईगोरु | ११५० | |
| २ | भैंसीराँगा | २११४ | |
| ३ | बाखाभेडा | ११८७१ | |
| ४ | सँगुरबंगुर | १७४० | |
| ५ | कुकुर।विरालो | ५४ | |
| ६ | कुखुरा।हाँस | ११७९८ | |
| वन्ध्याकरण सेवा | | | |
| क सं | पशुको विवरण | पशुको संख्या | कैफियत |
| १ | गोरु | ३३ | |
| २ | राँगा | २ | |
| ३ | भेडा | २०५९ | |
| ४ | सँगुरबंगुर | ४३ | |
| ५ | कुकुर।विरालो | ८ | |
| ६ | कुखुरा | १९ | |
| माईनर सर्जिकल सेवा | | | |
| १ | भैंसीराँगा | | |
| २ | बाखाभेडा | ४५ | |
| ३ | सँगुरबंगुर | १२ | |
| ४ | कुकुर।विरालो | ८ | |

| गाईनोक्लोजिकल उपचार | | | |
|---|---|---|---|
| **क्र सं** | **पशुको विवरण** | **पशुको संख्या** | **कैफियत** |
| १ | गाईगोरु | ४८ | |
| २ | भैंसीराँगा | ९६ | |
| ३ | बाख्राभेडा | १०६ | |
| **कृत्रिम गर्भधान सेवा** | | | |
| **क्रसं** | **पशुको विवरण** | **पशुको संख्या** | **कैफीयत** |
| १ | गाई | २७ | |
| २ | भैंसी | ३२ | |
| जम्मा | | ५९ | |
| **खोप सेवा** | | | |
| १ | गाईगोरु | ३६०० | |
| २ | भैंसीराँगा | ४३०० | |
| ३ | बाख्राभेडा | ३२८०० | |
| ४ | सँगुरबंगुर | ११०० | |
| ५ | कुकुर।विरालो | १६८ | |
| ६ | कुखुरा।हाँस | ० | |
| **ल्याव परिक्षण** | | | |
| **क्रसं** | **विवरण** | **परिमण** | **कैफियत** |
| १ | गोवर परिक्षण | ४५२ | |
| २ | दुग्ध परिक्षण | १४ | |

| | | | |
|---|---|---|---|
| ३ | पोष्टमोर्टम | २३ | |

## महिला,बालबालिका तथा ज्येष्ठ नागरिक शाखा तर्फका

- विनियोजन भएको बजेट रु.३३,५०,०००।–---पालिका,
- रु. ३,००,०००।–श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, रु.७५,०००।–महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
- रु. ३,३८,९००।–युनिसेफ

| सि. न. | कार्यक्रमको नाम | क्रियाकलाप | लक्ष्य | प्रगति | लाभग्राही | संचालित अवधि | कैफियत | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | पुरुष | महिला | | |
| १ | अपांगता भएका व्यक्तिहरुको परिचय पत्र वितरणका लागि बैठक व्यवस्थापन तथा दैनिक भ्रमण खर्च | अपांगता भएका व्यक्तिहरुको परिचय पत्र वितरणका लागि बैठक संचालन तथा अपांगता भएका व्यक्तिहरुको स्वास्थ्य चेकजाँच गरिएको | ६४ | ३२ | क वर्ग ५, ख वर्ग ७, ग वर्ग ३, जना जम्मा १५ जना | क वर्ग ३, ख वर्ग १०, ग वर्ग ३, घ वर्ग १ जना जम्मा १७ जना | ४ पटक बैठक तथा ४ पटक अपांगता भएका व्यक्तिहरुको सहजताका लागि वडा कार्यालय तथा घरमै पुगी डाक्टर समक्ष चेकजाँच गराइएको | ६ वटा परिचय पत्रलाई निरन्तरता दिइएको |
| २ | सिलाई कटाई तालिम स्तरोन्नती वडा न. ८ | गत आ.व. तालिम लिइएका महिलाहरुलाई सिकाई कटाई तालिममा निरन्तरता दिइएको | १ | १ | ० | ११ जना | १ पटक<br>१ महिना | |
| ३ | आदिवासी जनजातिका | महिलाहरुका लागि | १ | १ | ० | १४ जना | १ पटक | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | लागि थाकलका पातबाट सजावटका सामग्रीहरु निर्माण स्तरोन्नति वडा न. ३, ४ र ५ | तालिम संचालन | | | | | २० दिन | |
| ४ | अपांगता भएका ग र घ वर्गका व्यक्तिहरुलाई हार्पिक र भाँडा धुने झोल साबुन बनाउने तालिम | सकृय लघु उद्योगका संचालक समितिलाई तालिम तथा सामग्रीहरु हस्तान्तरण गरिएको | १ | १ | ३ जना | ५ जना | १ पटक<br>३ दिन | |
| ५ | दलित समुदायका लागि कार्यक्रम | दलित हक र अधिकार सम्बन्धी सचेतना तथा दलित एकल/ज्येष्ठ महिलाहरुलाई सुपानेट झुल, सल र ब्ल्याङ्केट वितरण कार्यक्रम | १ | १ | ० | १६ जना | १ पटक<br>१ दिन | |
| ६ | होजियारी प्रशिक्षक प्रशिक्षण तालिम वडा न. ३,६ र | महिलाहरुका लागि तालिम संचालन | १ | १ | ० | १४ जना | १ पटक<br>४० दिन | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ७ | | | | | | | |
| ७ | लैंगिक हिंसा न्यूनीकरण तथा मानव अधिकार रक्षा सम्बन्धी कार्यक्रम | लैंगिक हिंसा विरुद्धको १६ दिने अभियानका अवसरमा कार्यक्रम संचालन गरिएको | ९ | ९ | १४५ जना | ५२५ जना | ९ पटक<br>९ दिन | |
| ८ | बालमैत्री स्थानीय शासन अवलम्बन तथा प्रबर्द्धन कार्यक्रम | बाल समुह तथा संजाल गठन, बाल संजाललाई अभिमुखीकरण बालबालिकासंग सम्बन्धित तथ्याङ्क संकलन, बालबालिकाको स्थितीपत्र तयार तथा प्रमाणिकरण, बालमैत्री वडा प्रबर्द्धनका लागि अभिमुकरण क्रमश... | २३ | २३ | ५१७ जना | ५८३ जना | २३ पटक | |
| ९ | लैससास र जेसी अडिट | लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको बैठक र जेसी अडिट | २ | २ | १७ जना | १९ जना | २ पटक<br>३ दिन | |
| १० | लक्षित वर्गसंग सम्बन्धित | अपांगता दिवस, महिला दिवस, योग दिवस तथा विभिन्न | ४ | ४ | ६० जना | ४४६ जना | ४ पटक<br>४ दिन | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विभिन्न दिवस तथा समारोह खर्च | दिवस मनाइएको | | | | | | |
| ११ | ज्येष्ठ नागरिकका लागि कार्यक्रम | ८४ वर्ष माथिका ज्येष्ठ नागरिकलाई घरमै स्वास्थ्य सेवा तथा मह वितरण कार्यक्रम | १ | १ | ८७ जना | ६५ जना | १ पटक | |
| १२ | मुस्लिम समुदायका लागि कार्यक्रम | मुस्लिम समुदायका व्यक्तिहरुलाई शैक्षिक, सामाजिक र आर्थिक क्षेत्रमा अगाडि बढाउनका लागि उत्प्रेरणात्मक कार्यक्रम | १ | १ | ३६ जना | ८३ जना | १ पटक<br>१ दिन | |
| १३ | लैंगिक तथा योनिक अल्प संख्यकहरुका लागि कार्यक्रम | शैलुन व्यावसाय प्रबर्द्धनका लागि आवश्यक प्रविधि हस्तान्तरण | १ | १ | - | - | १ पटक | अन्य १ जनालाई बैठक, सूचना आह्वान मार्फत वितरण |
| १४ | बालश्रममुक्त स्थानीय तह घोषणा कार्यक्रम | बालश्रम निवरणका लागि अभिमुखीकरण, सरोकारवाला निकायका व्यक्तिहरुलाई बालश्रम निवारण सम्बन्धी | ५ | ५ | १२६ जना | ७० जना | ५ पटक<br>४ दिन | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | अभिमुखीकरण तथा सहयोग र समन्वय कार्यक्रम र प्रचार सामग्री छपाई | | | | | | |
| १५ | पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम | सरोकारवालाहरुलाई पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन सम्बन्धी अभिमुखीकरण कार्यक्रम | १ | १ | २३ जना | १४ जना | १ पटक | |
| १६ | ज्येष्ठ नागरिक परिचय पत्र वितरण | परिचय पत्र निर्माण तथा वितरण | ९ | ९ | ४ जना | ५ जना | पटक पटक | |
| १७ | जिल्ला समन्वय समितिको कार्यालय दाङले मागेका | शाखासंग सम्बन्धित विभिन्न तथ्याङ्कहरु पठाइएको | | | | | २ पटक | |
| १८ | हिंसा प्रभावित १ जना महिलाको निवेदन | दुबै पक्ष बीच छलफल गराई समस्या समाधान गरिएको | - | - | ० | १ जना | १ पटक | |
| १९ | मधेशी संस्कृति जगेर्ना | नेपाल अवधी संस्कृति संरक्षण प्रतिष्ठानबाट गुडिया पर्व मनाएको | | | | | १ पटक | |
| २० | माघी पर्व | थारु | १ | १ | | | १ पटक | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | महोत्सव कार्यक्रम | कल्याणकारीणी सभा गढवाद्वारा साझेदारीमा माघी मिलन कार्यक्रम मनाइएको | | | | | | |
| २१ | ढकेहर प्रथा संरक्षण कार्यक्रम | थारु कल्याणकारीणी सभा क्षेत्रिय समिति लमहीद्वारा साझेदारीमा प्रथा संरक्षण कार्यक्रम गरिएको | १ | १ | | | १ पटक<br>७ दिन | |

## शिक्षा शाखा तर्फका

| शिक्षक दरबन्दी विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र सं | विद्यालयको नाम | दरबन्दी संख्या | | | संघीय अनुदान | पालिका अनुदान | जम्मा |
| | | प्रा वि | नि मा वि | मा वि | | | |
| १ | जनमुखी मा वि रङसिङ | ४ | १ | ० | ३ | २ | १० |
| २ | जनता मा वि कालाकाटे | ८ | २ | ३ उ.मा.१ | १ | ६ | २१ |
| ३ | आ वि बनघुस्री | २ | ३ | ० | ० | ५ | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | प्रा वि बडहरा | २ | ० | ० | ० | २ | ४ |
| ५ | मा वि पचहिया | ६ | १ | १ | ३ | ७ | १८ |
| ६ | रात्री प्रा वि पचहिया | ४ | ० | ० | ० | ० | ४ |
| ७ | प्रा वि महदेवा | ५ | ० | ० | ० | ० | ५ |
| ८ | गणेश प्रा वि चिमचिमे | २ | ० | ० | ० | १ | ३ |
| ९ | रात्री आ वि गोबरडिहा | ६ | १ | ० | २ | १ | १० |
| १० | सरस्वती प्रा वि सुपैला | २ | ० | ० | ० | २ | ४ |
| ११ | सरस्वती मा वि विद्यानरग | ६ | ४ | ४ उ.मा.२ | ० | ९ | २६ |
| १२ | दिपेन्द्र मा वि पर्सेनी | ८ | १ | १ | २ | ४ | १६ |
| १३ | मा वि चैनपुर | ८ | २ | ३ उ.मा.१ | १ | २ | १७ |
| १४ | आ वि कक्रहवा | ४ | २ | ० | १ | १ | ८ |
| १५ | दुर्गा आ वि मनिकापुर | ६ | २ | ० | १ | ० | ९ |
| १६ | बालकल्याण आ वि बालाखुटी | ५ | ३ | ० | १ | २ | ११ |
| १७ | जनता मा वि गढवा | १० | ४ | ५ उ.मा.३ | ० | ११ | ३३ |
| १८ | सरस्वती आ वि चन्दनपुर | ५ | २ | ० | १ | २ | १० |
| १९ | महेन्द्र आ वि कोइलाबास | २ | १ | ० | १ | २ | ६ |
| २० | दुर्गा प्रा वि खबरीनाका | २ | ० | ० | ० | ० | २ |
| २१ | बालबुध्दी प्रा वि खबरी खुटी | २ | ० | ० | ० | १ | ३ |
| २२ | उदय प्रा वि मुसीनाका | २ | ० | ० | ० | ० | २ |
| २३ | रत्न प्रा वि रतनपुर | २ | ० | ० | ० | ० | २ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २४ | कालिका प्रा वि पर्सेनी | ३ | ० | ० | ० | ० | ३ |
| २५ | सर्वोदय प्रा वि गढवा | ३ | ० | ० | ० | ० | ३ |
| २६ | प्रा वि खजरौटा | ३ | ० | ० | ० | ० | ३ |
| २७ | ज्ञानज्योति प्रा वि मानपुर | ३ | ० | ० | ० | ० | ३ |
| २८ | मदरसा रामपुर | १ | ० | ० | ० | ० | १ |

| **समष्टिगत शिक्षक दरबन्दी संख्या विवरण** | | | |
|---|---|---|---|
| **प्रा.वि.स्थायी** | **प्रा.वि.राहत** | **प्रा.वि पालिका अनुदान** | **जम्मा** |
| ८७ | २९ | १० | १२६ |
| नि.मा.वि.स्थायी | नि.मा.वि.राहत | नि.मा.वि.पालिका अनुदान | जम्मा |
| १८ | ११ | ३० | ५९ |
| मा.वि.स्थायी | मा.वि.राहत र उ.मा.वि. | मा.वि.पालिका अनुदान | जम्मा |
| १४ | ३+७=१० | २० | ४४ |
| नि.मा.वि.संघीय अ | मा.वि.संघीय अनुदान | बा.वि.के शिक्षक पालिका अनुदान | जम्मा |
| ११ | ६ | ३ | २० |
| वि.स. | बा.वि.के.शिक्षक | वि.स.कर्मचारी | जम्मा |
| २६ | ३० | ६ | ६२ |
| जम्मा | | | ३११ जना |

| विद्यार्थी संख्या | | | | |
|---|---|---|---|---|
| क सं | विद्यालयको नाम | विद्यार्थी संख्या | | कैफियत |
| | | शै स २०८१ | शै स २०८२ | |
| १ | जनमुखी मा वि रङसिङ | २४३ | २२७ | |
| २ | जनता मा वि कालाकाटे | ७२९ | ६५० | |
| ३ | आ वि बनघुस्री | २९९ | २९३ | |
| ४ | प्रा वि बडहरा | १४२ | १३८ | |
| ५ | मा वि पचहिया | ७६० | ६२० | |
| ६ | रात्री प्रा वि पचहिया | ११४ | ८७ | |
| ७ | प्रा वि महदेवा | ८५ | ५२ | |
| ८ | गणेश प्रा वि चिमचिमे | ५१ | ४१ | |
| ९ | रात्री आ वि गोबरडिहा | २२० | १८९ | |
| १० | सरस्वती प्रा वि सुपैला | ८३ | ८४ | |
| ११ | सरस्वती मा वि विद्यानरग | ८०८ | ५२२ | |
| १२ | दिपेन्द्र मा वि पर्सेनी | ४१४ | ४०० | |
| १३ | मा वि चैनपुर | ४०८ | ४१५ | |
| १४ | आ वि कक्रहवा | ७९ | ७३ | |
| १५ | दुर्गा आ वि मनिकापुर | २२४ | १९४ | |

| | | | | |
|---|---|---|---|---|
| १६ | बालकल्याण आ वि बालाखुटी | २४९ | २५९ | |
| १७ | जनता मा वि गढवा | ९६५ | १०२२ | |
| १८ | सरस्वती आ वि चन्दनपुर | १५६ | १२३ | |
| १९ | महेन्द्र आ वि कोइलाबास | ७३ | ६९ | |
| २० | दुर्गा प्रा वि खबरीनाका | १९ | २० | |
| २१ | बालबुध्दी प्रा वि खबरी खुटी | ४५ | ३३ | |
| २२ | उदय प्रा वि मुसीनाका | २२ | १९ | |
| २३ | रत्न प्रा वि रतनपुर | ० | ० | |
| २४ | कालिका प्रा वि पर्सेनी | ० | ० | |
| २५ | सर्वोदय प्रा वि गढवा | ० | ० | |
| २६ | प्रा वि खजरौटा | ० | ० | |
| २७ | ज्ञानज्योति प्रा वि मानपुर | ० | ० | |
| २८ | मदरसा रामपुर | ६९ | ५८ | |
| संस्थागत विद्यालय विद्यार्थी संख्या विवरण | | | | |
| क्र.सं. | विद्यालयको नाम | विद्यार्थी संख्या २०८१ | विद्यार्थी संख्या २०८१ | कैफियत |
| १ | प्रतिष्ठा एकेडेमी | ३९७ | ५३१ | |
| २ | डिवेल इ.बो.स्कूल | २१४ | २३७ | |
| ३ | कोसेली इ.बो.स्कूल | ३३१ | ३६० | |
| ४ | नेपाल इ.बो.स्कूल | ३२९ | ३२५ | |
| ५ | राप्ती साउथर्न इ.बो.स्कूल | ३९० | ३५० | |
| ६ | मुनामिलन इ.बो.स्कूल | २०७ | २७७ | |

| | | | | |
|---|---|---|---|---|
| ७ | दिपगंगा इ.बो.स्कूल | १०३ | ७६ | |
| ८ | शुभतारा इ.बो.स्कूल | १००६ | ९९३ | |
| ९ | ज्ञानज्योति इ.बो.स्कूल | ८१७ | ८६२ | |
| १० | भ्यालि पब्लिक इ.बो.स्कूल | २०३ | २९० | |
| ११ | बुध्दज्योति इ.बो.स्कूल | ६८३ | ६५२ | |
| १२ | बालसंसार इ.बो.स्कूल | ३५२ | ४३१ | |
| १३ | मुनराइज्ड इ.बो.स्कूल | १११ | १०३ | |

## शैक्षिक गुणस्तर सुधार तर्फ

- विद्यालय सञ्चालन खर्चको व्यवस्थापन
- शिक्षक पेशागत सहयोग
- शिक्षकहरुका लागि विभिन्न क्षमता विकास कार्यक्रम सञ्चालन
- माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुका लागि मानसिक स्वास्थ्य सम्बन्धी सचेतीकरण कार्यक्रम संचालन
- माध्यमिक तहमा अध्ययनरत विद्यार्थी र अभिभावकहरुका लागि बालविवाह न्यूनीकरण, लागू पदार्थ दुर्व्यशन र सामाजिक सञ्जालको सुरक्षित प्रयोग सम्बन्धी सचेतीकरण कार्यक्रम सञ्चालन
- विद्यार्थीहरुका लागि कानूनी सचेतना तथा मस्यौदा लेखन कार्यक्रम सञ्चालन

## विद्यालय भौतिक पूर्वाधार निर्माण तर्फ

- आवासीय विद्यालय भौतिक पूर्वाधार निर्माणको सुरुवात
- विद्यालय कक्षाकोठा निर्माण
- विद्यालयहरुमा फर्निचर व्यवस्थापन
- विद्यालय घेरावार निर्माण

## युवा तथा खेलकुद

- अन्तर विद्यालय खेलकुद तथा राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालन
- पालिका स्तरीय खेलकुद प्रतियोगिता संचालन
- जिल्ला स्तरीय फुटबल प्रतियोगितामा खेलाडीहरुलाई सहभागी गराइएको

- जिल्ला स्तरीय १५ राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा खेलाडीहरुलाई सहभागि गराई गत वर्षको तुलनामा थप ६ वटा मेडल प्राप्त गरेको

## आर्थिक प्रशासन शाखा तर्फ

| कुल आय र व्यय | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | शिर्षक | आय अनुमान | पालिकामा निकासा प्राप्त रकम | खर्च भएको रकम | खर्च प्रतिशत |
| १ | आन्तरिक श्रोत (अल्या सहित) | २७४६८४३२.७६ | ३६४१०५६०.८५ | २६८६०७८७.७६ | ९७.७९ |
| २ | संघिय सरकार वितिय समानिकरण अनुदान | १२४४०००००. | ११४१४९४४०. | ११४००२४८९. | ९१.६४ |
| ३ | संघिय सरकार शसर्त अनुदान | २७२८५१००० | २७२८५१००० | २३९२८२२४३.८ | ८७.७० |
| ४ | संघिय सरकार बिषेश अनुदान | १८५०००००. | ० | ०. | ०.०० |
| ५ | संघिय सरकार समपुरक अनुदान | १५०००००००. | ८९३६४७४. | ८९३५४७४. | ५९.५७ |
| ६ | संघिय सरकारको राजस्व बाँडफाँड अनुदान | १३२४०००००. | ११८३१४९२९.६९ | ११७७४१९८७.०४ | ८८.९३ |
| ७ | प्रदेश सरकार वितिय समानिकरण अनुदान | ८५८००००. | ८५८००००. | ७५१९३८५. | ८७.६४ |
| ८ | प्रदेश सरकार शसर्त अनुदान | १२५००००० | ७१९६२३१ | ७१३८५०० | ५७.११ |
| ९ | प्रदेश सरकार विषेश अनुदान | २००००००० | १२७५९००. | १२५८९००. | ६२.९५ |
| १० | प्रदेश सरकार समपुरक अनुदान | ७००००००. | ४३१००९५. | ४३१००९५. | ६१.५७ |
| ११ | प्रदेश सरकारको राजस्व बाँडफाँड अनुदान | ८८७५०००. | १३८७७५११.७७ | ८१९२९९६. | ९२.३२ |
| १२ | स्थानीय सरकारको राजस्व बाँडफाँड अनुदान | ८३०९४२३७.२४ | ७७६०७८९३.८२ | ६५६३१६६४.२२ | ७८.९८ |
| **जम्मा** | | ७१२६६८६७०.०० | ६६३५१००३६.१३ | ६००८७४५२१.८० | ८४.३१ |

| *अनुदान फिर्ता* | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | अनुदानको प्रकार | बार्षिक आय अनुमान | निकासा प्राप्त रकम | खर्च रकम | खर्च नभइ फिर्ता पठाएको रकम |
| १ | संघिय शसर्त, बिशेष र समपुर अनुदान | ३०६३५१००० | २८१७८७४७४ | २४८२२३१०१.९ | ३३५६४३७२.१४ |
| २ | प्रदेश शसर्त, बिशेष र समपुर अनुदान | २१५००००० | १२७८२२२६ | १२७१७०३५ | ६५१९१.०० |
| जम्मा फिर्ता रकम | | | | | ३,३६,२९,५६३.१४ |

| विषयगत शाखा तथा वडाहरुको बजेट तथा खर्च | | | | | |
|---|---|---|---|---|---|
| आ.ब. २०८१/०८२ मिति २०८१/०४/०१ देखि २०८२/०३/३२ गते सम्म | | | | | |
| सि.नं. | बिषयगत शाखा तथा वडा कार्यालयहरु | जम्मा बिनियोजित बजेट | जम्मा खर्च | खर्च हुन बाँकी बजेट | जम्मा खर्च प्रतिशत |
| १. | गढवा गाउँ कार्यपालिका | १९६२२६३३३.०० | १६५१७२०५६.६६ | ३१०५४२७६.३४ | ८४.१७ |
| २. | महिला तथा वालवालिका | ३३५००००.०० | २८८०५५५.०० | ३११७१३०.०० | ८५.९९ |

| | | | | | |
|---|---|---|---|---|---|
| | (लक्षित वर्ग समेत) शाखा | | | | |
| ३. | पशु सेवा शाखा | ३९४००००.०० | ३२८१६१०.०० | ६५८३९०.०० | ८३.२९ |
| ४. | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान) | ७००००००.०० | ४३१००९५.०० | २६८९९०५.०० | ६१.५७ |
| ५. | शिक्षा शाखा | ३५९४२०००.०० | ३३६७८०९६.३६ | २२६३९०३.६४ | ९३.७० |
| ६. | स्वास्थ्य सेवा शाखा | १७१९००००.०० | १३३८०१६८.०० | ३८०९८३२.०० | ७७.८४ |
| ७. | कृषि विकास शाखा | ३५५००००.०० | २५९१४८३.०० | ९५८५१७.०० | ७३.०० |
| ८. | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमहरु | २९१३५१०००.०० | २३९२८२२४३.७८ | ५२०६८७५६.२२ | ८२.१३ |
| ९. | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रमहरु | १४५०००००.०० | ८३९७४००.०० | ६१०२६००.०० | ५७.९१ |
| १०. | गत आ.ब.का दायित्व सिर्जित योजनाहरु | ८६१५०२३७.०० | ८१०२१९०५.०० | ५१२८३३२.०० | ९४.०५ |
| ११. | १ नं. वडा कार्यालय | ५९०८०००.०० | ४६६५६४५.०० | १२४२३५५.०० | ७८.९७ |
| १२. | २ नं. वडा कार्यालय | ५९९३०००.०० | ५५५८१३४.०० | ४३४८६६.०० | ९२.७४ |
| १३. | ३ नं. वडा कार्यालय | ६२८७०००.०० | ५९३४७९९.०० | ३५२२०१.०० | ९४.४० |
| १४. | ४ नं. वडा कार्यालय | ५८४६०००.०० | ४९८९६७३.०० | ८५६३२७.०० | ८५.३५ |
| १५. | ५ नं. वडा कार्यालय | ५८४६०००.०० | ५४६७३८०.०० | ३७८६२०.०० | ९३.५२ |
| १६. | ६ नं. वडा कार्यालय | ६५८२०००.०० | ६२३४५३७.०० | ३४७४६३.०० | ९४.७२ |
| १७. | ७ नं. वडा कार्यालय | ५८४६०००.०० | ५०३४७४२.०० | ८११२५८.०० | ८६.१२ |
| १८. | ८ नं. वडा कार्यालय | ५७७२०००.०० | ४३३९०७९.०० | १४३२९२१.०० | ७५.१७ |
| १९. | सामाजिक सुरक्षा तथा संरक्षण | १५९९६७२००.०० | १५९४४४८४४.९५ | ५२२३५५.०५ | ९९.६७ |
| **जम्मा चालु बजेट र खर्च** | | ४०६५७७१३३.०० | ३६८६२८९५९.८० | ३७९४८१७३.२० | ९०.६७ |

| | | | | |
|---|---|---|---|---|
| **जम्मा पुँजीगत बजेट र खर्च** | ३०६०९१५३७.०० | २३२२४५५६२.०० | ७३८४५९७५.०० | ७५.८७ |
| **जम्मा बजेट र खर्च** | ७१२६६८६७०.०० | ६००८७४५२१.८ | १११७९४१४८.२ | ८४.३१ |

| बेरुजु फछ्यौट कार्य प्रगति | | | | | | |
|---|---|---|---|---|---|---|
| क.सं. | बेरुजुको किसिम | २०७९/०८० सम्मको बेरुजु | आ.ब. २०८०।०८१ को बेरुजु | जम्मा बेरुजु | आ.ब. ०८०।०८१ मा फछ्यौट गरिएको रकम रु. | बाँकी बेरुजु |
| १. | असुल उपर गर्नुपर्ने | ४,३०,८६,९०६ | ३७,२७,१९५ | ४६८१४१०१ | ५१७५८२५ | ४१६३८२७६ |
| २. | पेश्की बेरुजु | ५,०७,८३,८१५ | ८,४९,००० | ५१६३२८१५ | ३४९००० | ५१२८३८१५ |
| ३. | नियमित गर्नुपर्ने | २५,०६,१७,१२१ | १,२१,९८,००६ | २६२८१५१२७ | | २६२८१५१२७ |
| ४. | प्रमाण कागजात पेश नभएको | ५,०३,२५,१५८ | २३,७४,७२८ | ५२६९९८८६ | | ५२६९९८८६ |
| | जम्मा | ३९४८१३००० | ९१४८९२९ | ४१३९६१९२९ | ५५२४८२५ | ४०८४३७१०४.०० |

- आ.ब.२०८१।०८२ को अल्या.रकम= २,९२,२७,९४३.११
- आ.ब. २०८१।०८२ मा कुल बार्षिक अनुमानित आय मध्ये प्राप्त नभएको रकम रु. ४,९१,५८,६३३.८७

## राजश्व शाखा तर्फ

- यस गढवा गाउँपालिकाले राजश्व प्रवेपण गरे अनुसार आर्थिक बर्ष २०८१/८२ मा गाउँपालिकाको आन्तरिक आय रु २,२५,६३,१२८।०९ र नदीजन्य पदार्थ आय ठेक्का तर्फ ११,१९,४५,२७२।२२ समेत घाटगद्दी सहित गरि कुल जम्मा आन्तरिक आय रु १३,४५,०८४००।३१ मात्र रहेको छ ।

## कृषि शाखा तर्फ

- कृषक समुह विधान तयार गर्ने, समुह गठन, दर्ता, नविकारण, कृषि फर्म दर्ता तथा नविकरण गर्ने ।
- विद्युत सिंचाई मिटरका लागि सिफारिष, घरेलुमा कृषि फर्म दर्ताका लागि सिफारिस, संघ प्रदेश अन्तर्गतका कार्यक्रममा कृषकलाई सहभागी गराउन सिफारिस लगाएत विभिन्न सिफारिस गर्ने । यस आर्थिक वर्षमा १८ वटा अन्य चिठ्ठीपत्र र १८० वटा सिफारिस गरी जम्मा १९८ वटा पत्र चलानी गरिएको ।
- रासायनिक मलखाद विक्रेताहरुलाई सूचिकृत, नविकरण र मलको बाँडफाँड गर्ने।
- नियमित माटो परिक्षण सेवा ।
- नियमित प्राविधिक सल्लाह सुझाव ।

| दर्ता भएका संस्थाहरु | जम्मा दर्ता भएका संख्या | नयाँ दर्ता | नविकरण भएका संख्या | नविकरण नभएका |
|---|---|---|---|---|
| कृषक समुह | १६३ | ० | ४६ | ११७ |
| कृषि फर्म | ७२ | ४ | ३२ | ३६ |
| मल विक्रेता | १२ | ० | ११ | १ |
| कृषि सहकारी | २६ | | | |

| क.सं. | कार्यक्रम | वार्षिक लक्ष्य | स्वीकृतबजेट रु. लाखमा | कार्यक्रम संचालनको अवस्था | खर्च रकम रु. लाखमा | वित्तिय प्रगती प्रतिशत | भौतिक प्रगती |
|---|---|---|---|---|---|---|---|
| १ | कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम | | ८.७६ | | | | |
| १.१ | कृषि तथा पशुसेवाका एक गाँउ एक प्राविधिकहरूको तलब भत्ता | ३ | ५.१६ | सम्पन्न | ४.९३ | ९५.६५ | ३ जना |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १.२ | किसान सूचीकरण कार्यक्रम | १ | ३ | संचालन | २.९५ | ९८.६१ | १६२० जना कृषक |
| १.३ | कृषि पशुपन्छि तथा मत्स्य तथ्यांक अध्याबधिक कार्यक्रम | १ | ६० | संचालन | .१० | १७.३३ | १०० घरधुरी सर्भेक्षण |
| | जम्मा खर्च | | ७.९९ | | | ९१.२९ | |

| क्र.सं. | कार्यक्रम | वार्षिक लक्ष्य | स्वीकृत बजेट रु. लाखमा | कार्यक्रम संचालनको अवस्था | खर्च रकम रु. लाखमा | वित्तिय प्रगती प्रतिशत | भौतिक प्रगती |
|---|---|---|---|---|---|---|---|
| **२** | **कृषि विभाग** | | १९ | | | | |
| २.१ | कृषि स्नातक करार | १ | ५.२५ | संचालन | ५.२५ | १०० | १ जना कृषि अधिकृत |
| | **वीउ विजन उत्पादन आपूर्ति तथा व्यवस्थापन कार्यक्रम** | **१३.७५** | | | | | |
| २.२ | उन्नत वीउ वितरकलाई प्रोत्सानहन अनुदान | १ | १.५० | कार्यक्रम नभएको | | | |
| २.३ | सूचना प्रकाशन तथा उन्नत वीउ उपयोग अनुगमन निरिक्षण | | १.५० | कार्यक्रम नभएको | | | |
| २.४ | खाद्यान्न बालीको उन्नत वीउ उपयोगमा अनुदान (धान, गहुँ) | | १०.७५ | सम्पन्न | १०.७५ | १०० | २३५ क्वीन्टल उन्नत गहुको वीउ वितरण |
| | जम्मा खर्च | | १६ | | | ८४.२१ | |

| क.सं. | कार्यक्रम | वार्षिक लक्ष्य | स्वीकृत बजेट रु. लाखमा | कार्यक्रम संचालनको अवस्था | वित्तिय प्रगती प्रतिशत | भौतिक प्रगती |
|---|---|---|---|---|---|---|
| ३ | कृषि उपज संकलन केन्द्र | १ | १० | सम्पन्न | १०० | १ वटा सम्पन्न |
| | जम्मा खर्च | | ६.७६ | | ६७.६६ | |

| क.सं. | कार्यक्रम | वार्षिक लक्ष्य | स्वीकृत बजेट रु. लाखमा | कार्यक्रम संचालनको अवस्था | खर्च रकम रु. लाखमा | वित्तिय प्रगती प्रतिशत | भौतिक प्रगती |
|---|---|---|---|---|---|---|---|
| ४ | **गढवा गाँउपालिका अन्तरगत** | | ३५.५० | | | | |
| ४.१ | माटो परिक्षण शिविर संचालन र मिनी ल्याव व्यवस्थापन तथा सामग्री खरिद र माटो उपचार | १ | २ | सम्पन्न | १.९९ | ९९.९० | ८ वटा तालिम र ८ वटा माटो परिक्षण शिविर कार्यक्रम २२५ माटोको नमुना जाँच |
| ४.२ | मागमा आधारित विषादी प्रयोग तथा बाली रोग नियन्त्रण र जैविक विषादी निर्माण सम्बन्धि तलिम | १ | ५ | सम्पन्न | ४.९६ | ९९.२७ | १ वटा पालिका स्तरिय र १५ वटा समुह स्तरमा तालिम सम्पन्न |
| ४.३ | गौशालामा गडयौला मल उत्पादन लागि स्थायी टहरा निर्माण कार्यक्रम | १ | २ | सम्पन्न | १.९० | ९५.१३ | गौशालामा १ वटा गडयौली मल उत्पादन भवन निर्माण |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४.४ | पिडालुको वीउ ५०प्रतिशत अनुदान सहयोग कार्यक्रम | १ | .५० | सम्पन्न | .४९ | ९८.०० | १० क्वीन्टल पिडालुको वीउ वितरण |
| ४.५ | करार खेतीमा अनुदान कार्यक्रम | १ | ८ | सम्पन्न | २.२२ | २७.८५ | १५६ कट्ठा जग्गाको करार भाडा ९ जना कृषक लाई सहयोग |
| ४.६ | पुष्प खेतीमा ५०प्रतिशत अनुदानमा सहयोग कार्यक्रम | १ | ४ | सम्पन्न | २.७० | ६७.५० | २७ कट्ठा जग्गामा ४ जना युवा कृषकलाई सहयोग |
| ४.७ | वेसार खेती प्रवर्द्धन कार्यक्रम | १ | १ | सम्पन्न | १ | १०० | ८ कट्ठामा ८ क्वीन्टल उन्नत जातको वेसारको वीउ सहयोग |
| ४.८ | विउ विजनमा आत्म निर्भर कार्यक्रम टि.पि.एस आलुको वीउ उत्पादन कार्यक्रम | १ | ३ | सम्पन्न | २.९९ | ९३.९६ | ४० कट्ठा जग्गामा १७ जना कृषकले वीउ आलु उत्पादन |
| ४.९ | साना सिंचाई निर्माण तथा मर्मत संभार कार्यक्रम | १ | १० | सम्पन्न | ७.६३ | ७६.३३ | १८ जना कृषक ४० कट्ठा मा खेती |
| | जम्मा खर्च | | २५.९१ | | | ७२.९९ | |

- संघ सरकार सशर्त बजेट रु. २७ लाख ७६ हजारमा खर्च रु.२२ लाख ९९ हजार ७४५ रुपैया
- प्रदेश सरकार सशर्त बजेट रु. १० लाखमा खर्च रु. ६ लाख ७६ हजार ६०० रुपैया
- गाउँपालिका तर्फको बजेट रु. ३५ लाख ५० हजारमा खर्च रु. २५ लाख ९१ हजार ४८३ रुपैया
- जम्मा विनियोजित बजेट रु. ७३ लाख २६ हजारमा खर्च रु. ५५ लाख ६७ हजार ८२८ रुपैया

- खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि. मुख्य शाखा कार्यालय तुल्सीपुर संग समन्वय गरी पालिका भित्रका ६८ जना कृषकको १३०० क्वीन्टल मोटा धान ३४१० प्रति क्वीन्टर को दरले बिक्रि गर्न सिफारिस गरियो ।
- गढवा गाउँपालिका कृषि बिकास शाखाले गाउँपालिका परिसर भित्र सञ्चालन गरेको वन, तरकारी तथा फलफूल नर्सरी कार्यक्रमबाट उत्पादित औषधीय र सौन्दर्यवर्दक बिरुवाहरू विभिन्न विद्यालय, सामुदायिक वन, सार्वजनिक संस्थाहरू र इच्छुक व्यक्तिहरूलाई निःशुल्क रूपमा वितरण कार्य संचालन भएको ।

| क्र.सं. | विरुवाहरु | उत्पादन भएका विरुवा संख्या | विरुवाका विशेषता |
|---|---|---|---|
| १ | सीतलचीनी | ७४० | औषधिय गुण |
| २ | गुलमोहर | ८०० | सौन्दर्यबर्द्धक |
| ३ | छतिवन | ४२२० | सौन्दर्यबर्द्धक |
| ४ | अश्वगंधा | ६७२० | औषधिय गुण |
| ५ | अमला | ८६० | औषधिय गुण |
| ६ | अम्बा | २९०० | फलफूल |
| ७ | ज्याकराण्डा | ६४०० | सौन्दर्यबर्द्धक |
| ८ | बबुल | २४० | औषधिय गुण |
| ९ | सिरिस | ३८० | सौन्दर्यबर्द्धक |
| १० | कल्की | ८२० | सौन्दर्यबर्द्धक |
| | जम्मा | २४०८० | |

## कानुन मामिला शाखा

- छटो छरितो न्याय सम्पादनको लागि हप्तामा २ पटक सोमबार र विहिबार नियमित छलफल चलाउने गरिएको .
- निवेदकहरू र प्रतिपक्ष बीच छलफल गराएर मेलमिलाप मार्फत निवेदनको अन्तिम टुंगो लगाई निर्णय गरिने गरेको
- मुद्दाको प्रकृति हेरी स्थलगत रूपमा बस्तु स्थितिको अवलोकन गरी न्यायिक समितिले सम्पादन गर्ने गरिएको छ .
- आपसी सहमती र मेलमिलापका माध्यमबाट विवाद समाधानलाई उच्च प्राथमिकता दिने गरेको .
- दुवै पक्षलाई “जीत जीतको” महसुस गराउन प्रयास गरिएको .

- पीडित र पीडक दुवैलाई सुन्ने र बोल्ने अवसर दिने गरेको .
- जात, लिंग, धर्म, बर्गको आधारमा विभेद नगरी निष्पक्ष निर्णय/ फैसला गर्ने गरिएको .
- महिला, दलित, सीमान्तकृत समुदायका उजुरीलाई प्राथमिकता दिने गरिएको .
- त्रैमासिक/बार्षिक प्रतिवेदन तयार गर्ने गरिएको .
- आफैले समाधान गर्न नसकिने वा कानून बमोजिम अधिकार क्षेत्रभन्दा बाहिरका मुद्दा न्यायालयमा पठाउने गरिएको
- गोपनियताको हकलाई सुरक्षित गर्दै पक्ष र विपक्षको विवरण गोप्य राख्ने गरिएको

कार्यान्वियन गर्दा आइपर्ने चुनौतिहरु

- तालिम प्राप्त मेलमिलापकर्ताहरू संग भन्दा न्यायिक समिति (जनप्रतिनिध) मार्फत आफ्नो मुद्दाको छलफल तथा निर्णय गराउने निवेदकहरूको प्रवृत्ती रहेको .
- मुद्दा/निवेदन लिएर आउनासाथ न्याय खोज्ने तथा तत्काल न्याय प्राप्तिको लागि दवाव दिने .
- निवेदनहरूमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा राजनैतिक प्रभाव हुने गरेको .
- विपक्षीले पत्र प्राप्त गरे पनि आउन नचाहने ताकेदा गर्दा समेत सम्पर्कमा नआउनु .
- माथि उल्लेखित चुनौतिहरूले गर्दा पनि निर्णय भएका, मिलापत्र भएका मुद्दाहरू कार्यान्वियन गराउन नसकिएको अवस्था .
- एकबटा मात्र कर्मचारी भएकाले काममा भ्याई नभ्याई भएको अवस्था .
- कार्य सम्पादन गर्दा गर्दै पनि दैनिक करीब ५–१० जनालाईका दुख र पीडाका कुराहरू सुनी बुझी कानूनी परामर्श दिनु पर्ने अवस्था

## मुद्दाहरुको बिबरण

**आर्थिक वर्ष २०८१/०८२ को प्रगति**

- **जम्मा उजुरी आएको संख्या: पुरानो आ।ल्या। बाट २७ वटा**
- **यस आर्थिक बर्षमा आएका उजुरी संख्या : ९९ वटा**
- **जम्मा १२६**
- **मध्ये फर्योट भएको उजुरी संख्या जम्मा ८७**
- **कार्यान्वयन संचालनमा भएको: ४०**
- **विवाह सम्वन्धी विवाद**
- दर्ता भएको जम्मा संख्या : ४ फर्योट भएको संख्या : २ वटा २ बांकी:
- **जग्गा विवाद**
- दर्ता भएको संख्या: ४० फर्योट भएको संख्या : ३५ वटा ५ बांकी:

## क्रमश


- **अंश विवाद**
- दर्ता भएको संख्या : ३४ फर्योट भएको संख्या : १४ वटा २० बाँकी :
- **लेनदेन सम्वन्धी विवाद**
- दर्ता भएको संख्या : ३१ फर्योट भएको संख्या : २५ वटा ६ बाँकी :
- **विविध**
- दर्ता भएको संख्या : १७ फर्योट भएको संख्या : ११ वटा ६ बाँकी :
- **जम्मा :मुद्दा संख्या : १२६ वटा ८७ वटा ३९ वटा**


- **अन्य निकायमा सिफारिस संख्या ३० वटा**
- **मिलापत्र भएको ३४ वटा**
- **आदेश तथा निर्णयबाट भएको (ढिसमिस र तामेलि) २३ वटा**

### संघ संस्था तर्फको

| क.स | प्रकार | |
|---|---|---|
| १ | व्यापार ब्यवसाय दर्ता | ३७ |
| २ | व्यापार ब्यवसाय नविकरण | ९९ |
| ३ | व्यापार ब्यवसाय बन्द गरेको | २२ |
| ४ | घ बर्गको इजाजत पत्रको दर्ता गरेको | ७ |
| ५ | घ बर्गको इजाजत पत्रको नवीकरण गरेको | ३३ |
| ६ | बजार अनुगमन गरेको | ५ |
| ७ | संस्था दर्ता गरेको | ४ |
| ८ | संस्था नवीकरण कुनै पनि हाल सम्म नआएको | ० |

## प्रधानमन्त्री रोजगार कार्यक्रम



| क्र. स. | योजनाको नाम | योजनाको प्रकृती | वडा नं | लागत अनुमान | जम्मा खर्च | श्रमिक संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | पार्क तथा पर्यटकीय स्थल सरसफाई बृक्षारोपण तारवार | पार्क सरसफाई, बृक्षारोपण र बुट्यान सरसफाई | २ | ५,८७,१,७२ | २,५७,१८० | २२ जना | काम लागत अनुमान भन्दा छिटो र कम खर्चमा सम्पन्न भएको ।<br>❖ ७२०० वर्ग मिटर क्षेत्रफल सरसफाई भएको । |
| २ | सुँपेला भेँसिकुट्री जोड्ने बाटो विस्तार योजना | बाटो निर्माण | ३ | ४,४०,१८७.८४ | ४,३४,८६८ | ३१ | गोरेटो बाटो मर्मत तथा फराकिलो साथै विग्रेको ठाँउमा मर्मत गरी फराकिलो वनाएको<br>❖ २.१२ कि.मी. नयाँ ट्र्याक निर्माण |

6

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | घैरेनी कुलो सरसफाई योजना | कुलो सरसफाई सिंचाईको लागि | ३ | ४३५९८७.५१ | ४३२८६४ | २७ | कुलो सरसफाई गरी खेती सिंचाईको लागि सहजहुने गरी योजना सम्पन्न भएको<br>❖ १.६६ कि.मी. सिंचाई कुलो सरसफाई |
| ४ | जंगलकुट्टि देखी चिमचिमे जाने गोरेटो बाटो मर्मत योजना | बाटो मर्मत तथा निर्माण | ३ | २७७३२९.४७ | २४०४८० | २४ | गोरेटो बाटो मर्मत तथा फराकिलो साथै विग्रेको ठाँउमा मर्मत गरी फराकिलो वनाएको<br>❖ ८३० मिटर नयाँ ट्र्याक निर्माण |
| ५ | छुटकी प्रसेनी ववान घर देखी टटवा घर सम्म नयाँ ट्र्याक निकाली बाटो निर्माण । | नयाँ ट्र्याक निर्माण | ४ | ४९१०६८ | ३७४०८० | १४ | नयाँ ट्र्याक निकाली बाटो निर्माण कार्य सम्पनन भएको<br>❖ १.३ कि.मी. नयाँ ट्र्याक निर्माण |

7

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | हर्देया झुम्की कुमालको घर देखी पुर्व पिच बाटो सम्म नयाँ ट्र्याक निकाली बाटो निर्माण | नयाँ ट्र्याक निर्माण | ४ | १६३३५६ | १५८९८४ | १४ | नयाँ ट्र्याक निकाली बाटो निर्माण कार्य सम्पनन भएको<br>❖ ५०० मिटर नयाँ ट्र्याक निर्माण |
| ७ | झुम्कीको बारी देखी पुर्व सुपेला खोला सम्म नयाँ ट्र्याक निकाली बाटो निर्माण योजना | नयाँ ट्र्याक निर्माण | ४ | ११४३४९.२० | १०२८७२ | १४ | नयाँ ट्र्याक निकाली बाटो निर्माण कार्य सम्पनन भएको<br>❖ ३५० मिटर नयाँ ट्र्याक निर्माण |
| ८ | मगहर गाँउको नयाँ ट्र्याक निर्माण | नयाँ ट्र्याक निर्माण | ५ | २,१३,३६२.८ | १९१०४८ | १३ | नयाँ ट्र्याक निकाली बाटो निर्माण कार्य सम्पनन भएको<br>❖ ६०० मिटर नयाँ ट्र्याक निर्माण |
| ९ | प्रनाहा गाँउको नयाँ ट्र्याक निर्माण | नयाँ ट्र्याक निर्माण | ५ | ३६५८४०.७६ | २६९२०४ | १३ | नयाँ ट्र्याक निकाली बाटो निर्माण कार्य सम्पनन भएको<br>❖ ७३५ मिटर नयाँ ट्र्याक निर्माण |
| १० | लोखरपुर जाने वाटो लानि निर्माण प्र.म. रोजगार साझेदारी योजना | पक्की नाली निर्माण | ५ | १६२०३४.५३ | १५६३१२ | १३ | पक्की नाली निर्माण निर्माण कार्य सम्पनन भएको<br>❖ ७५.८ मिटर पक्की नाली निर्माण |
| ११ | प्रनाहा वाट वडा कार्यालय जाने वाटो निर्माण योजना | नयाँ ट्र्याक निर्माण | ५ | ९१४७९.३६ | ७८१५६ | १३ | ❖ नयाँ ट्र्याक निकाली वाटो निर्माण कार्य सम्पनन भएको<br>❖ २७० मिटर नयाँ ट्र्याक निर्माण |
| १२ | प्रनाहा गाँउको कृषि सडकको नाली सरसफाई | नाली सरसफाई | ५ | २२७३२४.६४ | १७३६८० | १३ | ❖ ११ मिटर सिंचाई कुलो सरसफाई |

9

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३ | पुरानो गाँउपालिका देखि प्रनाह्वा सम्म खानेपानिको पाईप खन्ने पुर्ने काम | खानेपानि विस्तार | ६ | १९७८५९.४ | १९१०४८ | १३ | खाने पानी विस्तारको लागि पाईपलाईन को लागि खन्ने र पुर्ने काम<br>❖ १.५७८ कि.मी खानेपानि पाईप विस्तार |
| १४ | वनकट्टि मरूवा थान देखी जुजुवा घर सम्म नयाँ ट्र्याक निर्माया योजना | नयाँ ट्र्याक निर्माण | ६ | ३१३०९९ | ३०३९४० | १३ | नयाँ ट्र्याक निकाली वाटो निर्माण कार्य सम्पन्न भएको<br>❖ १.१५ कि.मी. नयाँ ट्र्याक निर्माण |
| १५ | मनिकापुर खोला टटवन्धन योजना | खोला टटवन्धन | ६ | २०१४३६.२४ | १८८३८६ | १३ | खोला को उच्च जोखिम भएको क्षेत्रमा टटवन्ध गरी खोला नियन्त्रण कार्य सम्पन भएको<br>❖ ८० थान जालि भर्ने 'कार्य |
| १६ | मनिकापुर आधारभुत विद्यालयमा पर्खाल निर्माण योजना | पर्खाल निर्माण | ६ | ११६४९०.०१ | १०८५५० | १३ | वडा कार्यालयको वजेट तथा रोजगार सेवा केन्द्रको श्रमीकको सहकार्यमा स्कुलको पर्खाल निर्माण कार्य सम्पन्न गरीएको<br>❖ ६३ मिटर पक्की पर्खाल निर्माण |
| १७ | मोतिपुर वगरखेती विस्तार कार्यक्रम | वाटो निर्माण | ७ | ४२४७२५.६ | ४०३८०६ | ५३ | नयाँ ट्र्याक निकाली वाटो निर्माण कार्य सम्पन्न भएको<br>❖ १.२८५ कि.मी. नयाँ ट्र्याक निर्माण |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १८ | मुसीनाकको तललो टोल देखी मथिललो टोल सम्म जाने वाटो खन्ने काम | वाटो निर्माण | ८ | १३८९५४.६ | ११७२३४ | १३ | नयाँ ट्र्याक निकाली वाटो निर्माण कार्य सम्पन्न भएको<br>❖ ५३० मिटर नयाँ ट्र्याक निर्माण |
| १९ | मुसिनाका जाने गाँउको वाटो पि.सि.सि. ढलान | वाटो निर्माण | ८ | १,३३,५४४.७४ | १,१७,२३४ | १३ | वडा कार्यालयको वजेट तथा रोजगार सेवा केन्द्रको श्रमीकको वाटोमा पि.सि.सि निर्माण कार्य सम्पन्न गरीएको<br>❖ ५२.४ मिटर पक्की ढलान वाटो निर्माण । |

## सूचना प्रविधि शाखा तर्फ

- ७३ वटा मिडियाहरूलाइ शुभकामना तथा जनचेतना मुलक सन्देश प्रदान।
- कोइलाबास महदेवा र कालाकाटे चोकमा सि सि क्यामरा जडान।
- ३ जना सूचना अभियान कर्ता लाइ माग भएको विवरण उपलब्ध।
- डिजिटल प्रोफाइल निर्माण।
- कार्यालयको वयेवसाइट तथा पेज अध्यावधिक।
- विभिन्न निकायहरु बाट प्राप्त चिठिपत्र सम्वन्धी कार्य।
- विभिन्न निकायहरुमा विवरण प्रदान।
- स्वास्थ्य सस्था वडा कार्यालय तथा गा पा कार्यालयमा टेक्निकल सपोर्ट।
- इन्टरनेटको क्षमता वृद्धि तथा थप जडान कार्य।
- LISA FRA LED सम्वन्धी कार्य।

**योजना शाखा तर्फ**

| क्र.सं. | वडा | योजनाको प्रकार | जम्मा योजना संख्या | सम्पन्न भएका योजना संख्या | सम्पन्न नभएका योजना संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १ | गाउँपालिका र वडा स्तरीय | २८ | २५ | ३ | उपभोक्ता समिति |
| २ | २ | गाउँपालिका र वडा स्तरीय | २५ | २४ | १ | उपभोक्ता समिति |
| ३ | ३ | गाउँपालिका र वडा स्तरीय | २५ | २५ | ० | उपभोक्ता समिति |
| ४ | ४ | गाउँपालिका र वडा स्तरीय | २० | १९ | १ | उपभोक्ता समिति |
| ५ | ५ | गाउँपालिका र वडा स्तरीय | २९ | २८ | १ | उपभोक्ता समिति |
| ६ | ६ | गाउँपालिका र वडा स्तरीय | २४ | २३ | १ | उपभोक्ता समिति |
| ७ | ७ | गाउँपालिका र वडा स्तरीय | २० | २० | ० | उपभोक्ता समिति |
| ८ | ८ | गाउँपालिका र वडा स्तरीय | १९ | १९ | ० | उपभोक्ता समिति |
| | जम्मा | | १९० | १८३ (९६.३१%) | ७ | |

- विद्युतीय बोलपत्र मार्फत आह्वान भएका जम्मा २० ठेक्का / योजनाहरु (संघीय, प्रदेश र गाउँपालिका स्तरीय) मध्ये १८ वडा योजनाहरु सम्पन्न भएका छन् । जस मध्ये २ योजनाहरु सम्पन्न भएका छैनन् ।
  १.चन्दनपुर भोजपुर लक्षिणपुर बाटो कालोपत्रे निर्माण वडा नं.७
  २.महावीर थारु कुमालको घर देखि डाडाँटोलसम्म बाटो कालोपत्रे वडा नं. १
- सडक कालोपत्रे :  ४६६४ मिटर

- ग्रेभलिङ :    ३६५५ मिटर
- पक्की नाली निर्माण :    २५०४ मिटर
- आ.सि.सि. ढलान :    ३६ मिटर
- कल्भर्ट :    १४ वटा
- खानेपानी बोरिङ्ग निर्माण : ३ वटा